# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

प.सं : ०७८/०७९
च.नं : ६०८

मिति : २०७८/०५/०१

### नगरपालिकाको प्रतिक चिन्ह (लोगो) डिजाईन सम्बन्धी सार्वजनिक सूचना ।

यस नगरपालिकाको मुख्य प्रकरण **व्यवसायिक कृषि पर्यटकीय शहर, स्वच्छ समृद्ध हाम्रो रत्ननगरको** अधिनमा रहि नगर क्षेत्रको सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक, साँस्कृतिक, ऐतिहासिक लगायतका विशेषता झल्कने लोगो प्रयोगमा ल्याउन आवश्यक भएकोले उल्लेखित विशेषता झल्कने सिर्जनात्मक लोगोको डिजाईन तथा लोगोमा रहने सम्पदा, अक्षर, अवस्थित, रङ्ग लगायतका विषयमा उपयुक्त व्याख्या समेत पेश गर्न ईच्छुक व्यक्तिहरुबाट १५ (पन्ध्र) दिन भित्र आफूले तयार गरेको डिजाईन यस कार्यालयमा पेश गर्न आह्वान गरिन्छ ।

प्राप्त डिजाईनहरु मध्ये कार्यपालिका बैठकको मूल्याङ्कनबाट उत्कृष्ट ठहरिएको लोगो प्रयोगमा ल्याइने र उक्त प्रतिक चिन्ह (लोगो)को डिजाइनरलाई रु २५,०००।- (अक्षरुपी पच्चीस हजार रुपैया मात्र) नगद पुरस्कार सहित सम्मान गरिने छ ।

नोट :

- प्रतिक चिन्ह सरल, सबै पक्ष समेटिएको, अपनत्व सङ्केत गर्ने र बहुरङ्गमा छपाई गरी प्रयोगमा ल्याउन सकिने हुनुपर्ने छ । प्रतिक चिन्ह सङ्कुचन र विस्तार (Reduce and Enlargement) गर्न सक्ने हुनु पर्दछ ।
- प्रतिक चिन्ह कम्तीमा 300 DPI Resolution भएको PNG Format मा हुनुपर्नेछ ।
- प्रतिक चिन्ह मौलिक र अन्यत्रबाट नक्कल नगरिएको हुनुपर्दछ । प्रतिक चिन्ह स्विकृती सम्बन्धी सम्पूर्ण अधिकार नगरकार्यपालिकामा रहने छ । पुरस्कृत प्रतिक चिन्हको सर्वाधिकार नगरपालिकामा रहने छ र कलाकारले अन्यत्र प्रयोग गर्न पाईने छैन ।
- मूल्याङ्कन तथा छनौट समितिले प्राप्त भएको कुनै प्रतिक चिन्हहरुमा आवश्यक परिमार्जन गर्न आग्रह गरेमा सो अनुसार परिमार्जन गरिदिनु पर्नेछ ।
- मूल्याङ्कन तथा छनौट समितिबाट प्राप्त भएको कुनै प्रतिक चिन्हहरु उपयुक्त नठानेमा पुनः प्रतिक चिन्हको लागि आह्वान गर्न सकिने छ ।

नि. प्रमुख प्रशासकिय अधिकृत
.........................
(बद्री नारायण शर्मा)
नि. प्रशासकीय अधिकृत